# काठमाडौं महानगरपालिका विकास समिति ऐन, २०७५

स्थानीय राजपत्रमा प्रकाशित मिति
२०७५।४।९

**प्रस्तावना** : काठमाडौं महानगरपालिका क्षेत्रभित्रका विकास योजना र विकास कार्यहरुलाई शीघ्र र प्रभावकारी ढंगले कार्यान्वयन गर्दै त्यसको उचित व्यवस्था गर्न आवश्यक देखिएकोले काठमाडौं महानगरपालिकाको नगर सभाले यो ऐन तर्जुमा गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"काठमाडौं महानगरपालिका विकास समिति ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"समिति"** भन्नाले दफा ३ अन्तर्गत गठन गरिएको समितिलाई सम्झनु पर्छ ।

(ख) **"विदेशी एजेन्सी"** भन्नाले कुनै विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय वा विदेशी संस्था समेत लिइनेछ ।

(ग) **"सूचित आदेश"** भन्नाले स्थानीय राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ ।

(घ) **"महानगरपालिका"** भन्नाले काठमाडौं महानगरपालिकालाई सम्झनु पर्छ ।

३. **समिति गठन गर्ने महानगरपालिकाको अधिकार** : (१) महानगरपालिकाले उचित वा आवश्यक ठहऱ्याएमा सूचित आदेशद्वारा सोही आदेशमा तोकिएबमोजिमको कुनै विकास योजना वा विकास कार्यलाई कार्यान्वित गर्न समिति गठन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशद्धारा समितिका काम कर्तव्य तोकिने छन् र तत्सम्बन्धी अरु विषयहरुको पनि व्यवस्था हुन सक्दछ ।

(३) समितिमा महानगरपालिकाले नियुक्त गरेबमोजिमको व्यक्तिहरु रहनेछन् र सो समिति गठन गर्दा आदेशमा तोकेबमोजिमको नामले प्रचलित हुनेछ ।

४. **समितिहरुलाई संस्था मान्ने :** दफा (३) अन्तर्गत गठन भएको प्रत्येक समिति अविछिन्न उत्तराधिकारवाला संस्था हुनेछ र त्यस समितिको सबै कामका निमित्त एउटै छाप हुनेछ र व्यक्ति सरह चलअचल सम्पत्ति लेनदेन गर्ने तथा राख्ने त्यस समितिलाई अधिकार हुने छ । सो समितिले व्यक्तिसरह नालेस गर्न र निजउपर पनि व्यक्तिसरह नालेस उजुर लाग्न सक्ने छ ।

५. **समितिको कोष :** (१) दफा ३ अन्तर्गत गठन गरिएको समितिको कोषमा देहायका कुरा सम्मिलित हुनेछ :-

(क) सङ्घीय सरकार, प्रदेश सरकार, महानगरपालिका र अरु कुनै गैरसरकारी सङ्घ संस्था वा व्यक्तिले प्रदान गरेको अनुदान तथा सहयोग रकम,

(ख) कुनै विदेशी एजेन्सीले दिएको कार्यक्रम सहयोग रकम ।

(२) समिति गठन गर्नको निमित्त निकालिएको आदेशमा तोकिएका काममा कार्यक्रमहरु कार्यान्वित गर्नको निमित्त समितिको कोष उपयोग गरिने छ ।

(३) समितिले आफूले बनाएको नियममा तोकिएको कार्यक्रम र कार्यप्रणालीबमोजिम काम गर्नेछ र सोहीबमोजिम हिसाब किताब पनि राख्ने छ ।

तर दफा ३ अन्तर्गत समिति गठन गर्नको निमित्त निकास लिएको आदेशमा लेखिएमा समितिले बनाएका नीति नियममा महानगरपालिकाको स्वीकृति लिनुपर्ने छ ।

६. **समितिका कर्मचारीहरु :** (१) समितिका कामहरु सुचारुरुपले सञ्चालन गर्नको निमित्त आवश्यकतानुसार समितिले कर्मचारीहरु नियुक्त गर्न सक्ने छ ।

तर प्रादेशिक लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्धान्त र तरिका अनुसार बाहेक अरु कुनै तरिकाबाट कुनै व्यक्तिलाई नियुक्त गर्नु हुँदैन ।

(२) समितिलाई आवश्यक भएको अवस्थामा महानगरपालिकाका कर्मचारीहरुको सेवा लिन सकिने छ ।

तर त्यसरी खटिएका कारणबाट तिनको साबिकको नोकरीको सर्तहरुमा कुनै असर पर्ने छैन ।

७. **आदेश नियम जारी गर्ने महानगरपालिकाको अधिकार :** समितिको काम कारबाहीको विषयमा महानगरपालिकाले समयसमयमा नियम वा आदेश जारी गर्न सक्नेछ र त्यस्ता नियम वा आदेशहरु पालन गर्नु त्यस समितिको कर्तव्य हुने छ ।

८. **समितिको विघटन :** (१) समितिले कार्यान्वित गर्न लागेको कुनै विकास योजना वा विकास कार्य नेपाल सरकारले नै बढी मात्रामा सुचारुरुपले

कार्यान्वित गर्न सक्दछ भन्ने वा त्यसको काम पूरा भैसकेको छ भन्ने महानगरपालिकालाई लागेमा महानगरपालिकाले सूचित आदेशद्वारा समितिलाई विघटन गर्न सक्ने छ।

(२) समिति विघटन भएको खण्डमा :–

(क) समितिको सबै हक जायजात र ऋण महानगरपालिकाको हुने छ।

(ख) समितिसँग लिएका सबै ठेक्काहरु महानगरपालिकासँग लिइएका मानिने छन्।

९. **मध्यस्थताद्वारा विवादको समाधान गर्ने** : (१) समितिसँग भएको कुनै सम्झौता र त्यसलाई कार्यान्वित गर्ने कुराका सम्बन्धमा विवाद उत्पन्न भएमा विवाद समाधानको लागि मध्यस्थसमक्ष पठाउनु पर्ने गरी सो सम्झौतामा व्यवस्था भएकोमा सोही सम्झौता अनुसार विवाद समाधान हुने छ।

(२) विवाद समाधानको लागि उपदफा (१) अन्तर्गत मध्यस्थसमक्ष पठाईएको विवादको सम्बन्धमा साक्षी, प्रमाण बुझ्ने, साक्षीहरुलाई उपस्थिति गराउने र लिखतहरु पेस गराउने अधिकार निजलाई हुने छ।

(३) मध्यस्थको निर्णय अन्तिम हुनेछ र दुवै पक्षउपर मान्य हुने छ।

तर मर्का पर्ने पक्षको प्रचलित कानुनबमोजिम तोकिएको अदालतमा पुनरावेदन दिन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(४) मध्यस्थद्वारा भएको निर्णयलाई प्रचलित कानुनबमोजिम कार्यान्वयन गर्नेछ।

१०. **नियम बनाउन सक्ने** : यस दफाको उद्देश्य कार्यान्वित गर्न महानगरपालिकाले नियम बनाउन सक्ने छ।